A NEWSLETTER BY

# Hydro Solutions

Agro. Capital Market. Education. Hydropower. Industry. Real Estate. Tourism.

Volume 7 Issue 2 01-12- 2022

www.hydrosolutions.com.np

## *"Political mayhem is constricting FDI in hydro projects"*



ER. GYANENDRA LAL PRADHAN
EXECUTIVE CHAIRMAN

Hydropower provides unique benefits that are rarely found in other sources of energy. Hydropower deserves full acknowledgment as an environment friendly and socially compatible clean sustainable renewable form of electricity generation. Hydropower is not only about energy production for productive sectors but also a powerful means of bringing in socio-economic transformation and development of villages. Completion of a single hydel project changes the economic and social landscape in villages. It provides employment opportunities, local infrastructure development like rural electrification, rural road and bridges, drinking water and irrigation schemes, health facilities, local skill development, empowerment through ownership (shares to the community based companies), market development, reduction in deforestation and many more. Nepal is immensely rich in Hydropower with annual run off of 224 billion meter cube. As per Hydro Solutions' (HSL) estimates, with more than 6000 rivers and rivulets, the total hydropower potential of Nepal stands at around 200,000 MW against the popularly assumed figure of 83,000 MW. Nepal- the fourth richest hydroelectric rich country in the world and second in Asia after China is a golden investment gateway to enter the huge energy craving and emerging Indian power market.

Changes in water levels in rivers and lakes, in ice sheets and even under the ground has been one of the key consequences of global warming. It is said that effect of global warming on hydropower is seen in the form of dry months flow going down and wet months flow increasing. Nepal is lucky on this. Due to its huge storage capacity, dry month production can be significantly augmented if properly regulated. This is also associated with other multiple benefits, such as flood control, increased regulated flow facilitating navigation and increased area under irrigation in lean season for regional benefit. Thus, in case of Nepal, global warming has minimum impact on Hydropower. It is encouraging to note that pre-construction activities of hydropower projects with cumulative capacity of 5000MW has been initiated in Nepal. This is estimated to bring in over 10 billion dollars equivalent FDI into the Country by 2010/11/12. Why don't you be the first to invest amongst the forerunners?

As a key player in the hydropower sector, the insights obtained into the dynamic intricacies of hydropower has motivated HSL to spearhead the initiative to provide comprehensive service on hydropower and contribute to sustainable hydropower development in hydroelectric rich Nepal. It is your confidence and belief in our team work that allows us to look forward to the increasing demands of the future with confidence. And for this, we would like to offer out heartfelt thanks.




## INSIDE

HSL's Corporate Social Responsibility(CSR)

Kodak Moment Er. Gyanendra Lal Pradhan Interview

Hydropower News

## MANAGEMENT QUOTES

"A key to achieving success is to assemble a strong and stable management team."

– Vivek Wadhwa

" Good management consists in showing average people how to do the work of superior people."

– John D. Rockefeller

## Edtoon





# Corporate Social Responsibility(CSR)



*Our CSR mission is to maximize our positive influences and minimize negative effects on all of the communities within which we live, work and serve.*






शान्ति निकुञ्ज माध्यामिक विद्यालयलाइ सौजन्य स्वरुप २५ पच्चीस थान पंखा वितरण गरिएको

# GENERAL UPDATES

“Water is fluid, soft, and yielding. But water will wear away rock, which is rigid and cannot yield. As a rule, whatever is fluid, soft, and yielding will overcome whatever is rigid and hard. This is another paradox: what is soft is strong.”

- Lao-Tzu (600 B.C.)

“When you put your hand in a flowing stream, you touch the last that has gone before and the first of what is still to come."”

- Leonardo da Vinci



# KODAK MOMENTS

# ER. GYANENDRA LAL PRADHAN




**INFRASTRUCFURE summit 2022.**
**With Hon. Tourism Minister, World Bank, Asian Development Bank, Kulman Ghising**



**Kali Gandaki Gorge -180 Mw**
**Public hearings**

# Collections Interview

# ER. GYANENDRA LAL PRADHAN




YOUTUBE.COM

**सेयर बजार चिट्ठा होईन, अहिले बजारमा रिस्कको तुलनामा रिवार्ड हजारौ गुणा बढि छ | Gyanendra Lal Pradhan**




Trade with Professor

August 27 ·

मङ्सिर चुनाव अघि ३२०० केही होइन
सेयर बजार चिट्ठा होईन, अहिले बजारमा रिस्कको तुलनामा रिवार्ड हजारौ गुणा बढि छ |
Gyanendra Lal Pradhan

# पूर्वाधार छैनन् , विद्युत खपतको योजना गफमात्र




**काठमाडौं ।**

वातावरणमा आएको असन्तुलनले विस्तारै ओजोन तह टालिँदै गएका छन् । यही कारण ग्रिन इनर्जी (हरित ऊर्जा) को अधिक आवश्यकता महसुस गरिएको छ । विस्तारै अमेरिका, बेलायतलगायत देशले हरित ऊर्जाका मुद्दालाई प्राथमिकताका साथ उठाएका छन् । रसिया-युक्रेन युद्धले यसको महत्त्वलाई अझ बढाइदिएको छ ।

अहिले संयुक्त राष्ट्र संघ (यूएन) ले ८ वर्षमा हरित ऊर्जा उत्पादनमार्फत नवीकरणीय ऊर्जालाई दोब्बर बनाउने लक्ष्य निर्धारण गरेको छ । नीतिगतरुपमा पनि यसलाई सम्बोधन गरिँदैछ । विश्वमा यस खालका परिवर्तनहरु देखिइरहँदा लागेको छ- अब भने हाम्रो ऊर्जाका दिन आए ।

हाल भारतको कूल जडित क्षमता झण्डै ४ लाख मेगावाट पुगेको छ, चीनको १६ लाख मेगावाट । जनसंख्या उस्तै-उस्तै छ तर कूल गार्हस्थ उत्पादन (जिडिपी) को वृद्धिदर भारतको बढी छ । यसपालि भारतले रसियाबाट तेल किन्नुपर्दा अर्बौं डलर तिनुपर्यो । नेपालले यसअघि २०० वा १६० अर्ब रूपैयाँसम्मको तेल आयात गर्थ्यो, यसपालि करिब ३४० अर्ब रूपैयाँको आयात भयो । यो पैसा त छुट्टै भारत गयो । भारत र बंगलादेशको अवस्था पनि त्यही छ ।

बंगलादेशमा ऊर्जा संकट गहिरिँदै जाँदा बेलुका 'बत्ति बन्द गर' भन्नुपर्ने अवस्था छ । त्यहाँ राति ११ नबजेसम्म एसी चलाउन पाइँदैन् । ८ बजे सबै दोकान अनिवार्य बन्द गर्नुपर्छ । अधिकांश ऊर्जा आपूर्ति सोलारबाट हुने हुँदा दिगो भइरहेको छैन । भारतमा त झन् ठूलो मात्रामा सोलार विद्युत उत्पादन भइरहेको छ । सोलार उत्पादन गर्ने चीनपछि भारत नै ठूलो देश हुँदैछ । अब आउने ४-५ वर्षमा करिब ४ लाख मेगावाट सोलार उत्पादन हुने देखिएको छ । सोलारले पिक पावर डिमाण्डलाई एकदम उच्च बनाइरहेको छ ।

भारतको नियम के छ भने, ऊर्जा खरिद गर्न बोलपत्र आह्वान ( बिड) गर्नुपर्छ । १०० मेगावाट चाहियो भने १०० मेगावाटका लागि बिड गर्ने तर पाइन्छ २० मेगावाट । यसैले, सोलारले बढाइदिएको उच्च मागको सन्तुलन मिलाउन जलविद्युत अपरिहार्य भएर आएको छ । यही कारण, भारतले नेपालको जलविद्युतमा लगानी बढाइरहेको छ ।

९/९ सय मेगावाटका माथिल्लो कर्णाली र अरूण-३ बाट सुरू भएको लगानी अहिले पश्चिम सेती तथा एसआर-६ सम्म पुगेको छ तर यो आयोजना दिने तरिका गलत भयो । उसलाई ५१ प्रतिशतमात्र हिस्सा दिनुपर्थ्यो वा भारतमा हाम्रो ३-४ हजार मेगावाट बिजुली बेच्न पाउने आधार तयार गर्नुपर्थ्यो ।

अरूणमा २१.९ प्रतिशत निशुल्क विद्युत पाइयो, औसत यही अनुपातमा अरुबाट पनि पाइएको छ । भारतले यति लचिलो भएर किन निशुल्क बिजुली दिइरहेको छ त भन्दा उसको चाहना जहाँ पनि पानी हो । जहाँ भारतलाई पानीको खाँचो बढ्दै गएको छ त्यहाँ उसले लगानी पनि बढाइरहेको छ । उसले यही सोचेर लगानी बढाइरहेको छ- बिजुलीबाट फाइदा नभए पनि पानीबाट अर्थात् खानेपानी र सिँचाइमार्फत फाइदा हुनेछ ।

अहिलेसम्म भारतले ३ वटा अरूण लगिसक्यो, माथिल्लो अरूण पनि मागिरहेको छ तर त्यो हुँदैन । किनकि, यो दिँदा किमाथांका अरूणलाई असर पर्छ । हामीले किमाथांका बनाउन सक्दैनौं, चीनमार्फत बनाउनुपर्छ । चीन र भारतलाई सन्तुलनमा राख्न पनि किमाथांका अरूण चीनलाई दिनुपर्छ ।

वर्षौंदेखि थन्किएको पश्चिम सेती बन्ने भयो भन्ने आशा जागेको छ, यो सँगसँगै त्यसको बिजुली खपत गर्ने बाटो अर्थात् प्रसारण लाइनसमेत निर्माण गर्नु जरूरी छ । भारतकी पूर्वविदेश मन्त्री सुष्मा स्वराज घोषणा गरेको एक अर्ब अमेरिकी डलर बराबरको सहयोग

यो अहिलेसम्म ३३-३४ प्रतिशतमात्र खर्च भएको भन्ने कुरा आइरहेको छ । त्यो सहयोग पश्चिम सेतीको प्रसारण लाइनलाई दिने विषयमा पनि कुरा भइरहेको छ ।

भारतको रूचि व्यापकरुपमा बढ्दै गएको छ । पञ्चेश्वर बहुउद्देश्यीय परियोजनामा समेत हामीले ३० प्रतिशतसम्म अनुदान पाउन सक्छौं । हामीले लगानी गर्नुपर्ने पुँजी उसैले हालिदिने, ८० प्रतिशत कर्जा (भारतीय मुद्रामा) उसैले ल्याउने भयो भने १०-१० प्रतिशत स्वपुँजी दुवै देशले राख्न सकिहाल्छन् । यो मोडलमा सरकारले आट्यो भने पञ्चेश्वर बिना लगानी सित्तैमा बन्छ ।

भारतले ३० प्रतिशत अनुदान दिने भयो भने 'तिमीलाई चाहिने भन्दा दोब्बर पानी प्रयोग गर तर ५० प्रतिशत नै नमाग २०-८० को अनुपातमा जाउँ' भन्न सक्छ । त्यो त मान्नुपर्यो नि ! महाकाली सन्धीमा 'बढी भएको पानी पछिल्लो स्थितिमा प्रयोग गर्न पाइन्छ' भन्ने छ । त्यो भारतले प्रयोग गर्ने भयो । हामीले सिँचाइ पुर्याउने भनेको बढीमा एक वा दुई लाख हेक्टरमा हो । भारतको त ३५ लाख हेक्टर पुग्छ । त्यसैले, भारतले ३० प्रतिशत अनुदान दिन्छ भने त महाकाली सन्धि संशोधन गर्नुपर्छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले नेपालले पाउनुपर्ने पानीको मूल्य २२ देखि ३५ प्रतिशत निकालेको छ । भारतले ३० प्रतिशत अनुदान दिने भयो भने पञ्चेश्वर उसैले बनाउँछ, हामीले लगानी गर्नु परेन र हामीलाई चाहिएजति पानी पनि पाइहाल्छौं ।

अहिले भारतले राप्ती नदीमा '१० अर्ब रूपैयाँ बराबरको तटबन्द निर्माण गरिदिन्छु' भनेको छ किनभने राप्तीको पानी यसरी फैलिएको छ कि नियन्त्रण गर्न उसलाई गाह्रो भइरहेको छ । पानी र बाढी नियन्त्रण उसका प्रथम आवश्यकता भएर आएका छन् । अतः सरकारले आँट्यो भने पञ्चेश्वर भारतको पहिलो आवश्यकता हो; पानी, बाढी नियन्त्रण, पिक पावरका लागि, गंगा सफाइ, कृषि सिँचाइ, खाद्य सुरक्षा लगायत लागि ।

अर्कोतिर, कर्णाली चिसापानी भारतलाई दिनु हुँदैन, किनभने उसले कुनै पनि आयोजनामा पानीलाई पहिलो र बिजुलीलाई दोस्रो प्राथमिकतामा राख्छ । ६७२० मेगावाटको पञ्चेश्वर ५०४० मेगावाटमा लक गर्यो । पानीको फाइदा राखेर ऊर्जा घटाइएको हो । अझ नेपाल नबोलेको भए ३००० मेगावाटमै झार्न सक्थ्यो । यही नियतमा कर्णाली चिसापानी ७००० मेगावाटतिर झार्न सक्छ । त्यही भएर यो दिनु हुँदैन, भूराजनीतिक सन्तुलन मिलाउने गरी तेस्रो देशको लगानी ल्याउनुपर्छ ।

कर्णाली चिसापानी रणनीतिक महत्त्वको आयोजना हो । भारत अब कोसीमा केन्द्रित छैन, यो भनेको बाढी नियन्त्रणका लागि मात्र हो । सिँचाइमा केही हुदैन, सबै बंगलादेश जान्छ तर कर्णाली चिसापानी, पञ्चेश्वरको पूरै पानी दिल्लीमा प्रवाह हुन्छ । यमुना, गंगा सफाइ हुन्छ । यूपी र बिहार हराभरा हुन्छ; बाढी नियन्त्रण हुन्छ । त्यहाँबाट यो पानी राजस्थान लैजाने योजना छ, कृषिभूमिलाई उर्वर बनाउन । त्यसैले, यी आयोजनाका लागि भारत जे पनि गर्न तयार छ ।

सरकारले बुद्धि पुर्यायो भने आउने २-३ वर्षभित्र पञ्चेश्वर, कर्णाली चिसापानी जस्ता ठूला आयोजनामा २० अर्ब अमेरिकी डलरबराबरको लगानी आउछ । ५ हजार मेगावाटका आयोजनामा बंगलादेशको लगानी ल्याउने लक्ष्य बनाउनुपर्छ, उसले सुनकोसी-३, खिम्ती शिवालयमा चासो देखाएको पनि छ । यी आयोजना निर्माण गर्दा ५१-४९ अनुपातको सेयर स्वामित्वमा प्रस्ताव गर्नुपर्छ । साथै, २१.९ प्रतिशत निशुल्क बिजुली माग्नुपर्छ, यसो भयो भने बंगलादेशमा धेरै विद्युत पठाउन सकिन्छ ।

**बजार खोजौं**

बिजुली बजारको कुरा गर्दा, अहिलेको अवस्थामा भारतमा पिक पावर छैन; यो कहिल्यै हुँदैन पनि । सोलारले बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म पावर दिने हो । त्यसैले, नेपाल आंशिक जलाशय वा जलाशय आयोजनाबाट विद्युत उत्पादन गरेर उता निर्यात गर्नुपर्छ । अहिले नेपालले भारतमा करिब ४०० मेगावाट विद्युत निर्यात गरिरहेको छ ।

ब्राजिलको ऊर्जा आपूर्ति मध्ये ७० प्रतिशत जलविद्युत छ; नेपालमा जम्मा ८ प्रतिशतमात्र छ । नेपालमा आजको दिनमा कम्तीमा पनि ६-८ हजार मेगावाट विद्युत खपत गर्ने हुनुपर्छ । पहिलो कुकिङ- हामीसँग ६० लाख इन्डक्सन चुलो प्रयोग गर्ने क्षमता छ । त्यसमध्ये ३० लाखमात्र प्रयोग गर्न सकियो भने केही नभए पनि ४५ सय मेगावाट विद्युत खपत हुन्छ । बर्खामा बढी भएको यूपी बिहारतिर बेच्न सकिन्छ ।

खपत बढाउने भनिरहँदा बिजुलीका लागि पूर्वाधार तयार गर्ने भिजन र मिसन नै भएन् । एउटा मन्त्रालय वा क्षेत्र नै तोकेर वा बनाएर पो अघि बढ्ने हो कि ? जस्तैः एउटा निश्चित क्षेत्र निर्धारण गरेर ट्रान्सफर्मर बदली गर्ने, विद्युत पावर (एमसिबी) परिवर्तन गर्ने जस्ता काम नेपाल उद्योग परिसंघ (सिएनआई) जस्ता संस्थालाई जिम्मा दिन सकिन्छ । हामी १५-२० जना युवाहरुको टोली बनाएर इन्डक्सन बाँड्न लगाउँछौ । जनतालाई घरघरै गएर फाइदा देखाएपछि पक्कै लोभिन्छन् । त्यसैले, यसका लागि मिसन लिएर अघि बढ्नुपर्छ ।

सिएनआईले गरेको अध्ययनअनुसार उद्योगमा ३५ प्रतिशतसम्म फर्नेस आयल प्रयोग हुन्छ । सस्तो हुने हुनाले आयात पनि बढी भएको छ । यसमा कर लगाएर यसलाई विद्युतले विस्थापित गर्न बैंकबाट कर्जा दिने र कर्जामा ३-५ प्रतिशत अनुदान दिने व्यवस्था गरियो भने ठूला उद्योगहरु रुपान्तरणतर्फ लाग्छन् ।

मैले गरेको हिसाबअनुसार नेपालमा उपलब्ध सबै ऊर्जालाई इलेक्ट्रिकमा राख्दा वार्षिक १ लाख २० हजार गिगावाट घन्टा खपत गर्ने रहेछौं तर अहिले करिब १० हजार गिगावाट घन्टा मात्र खपत भइरहेको छ । अब ३ वर्षमा दोब्बर बनाउने योजना राख्नुपर्छ; कुकिङ, औद्योगिक क्षेत्र, यातायात सबै क्षेत्रमा खपत बढाउनुपर्छ ।

पछिल्लो समय होटल क्षेत्रमा व्यापाकरुपमा बिजुली नै प्रयोग भइरहेको छ । तापक्रमका लागि ग्यास प्रयोग भइरहेको पाइन्छ । यस क्षेत्रमा धेरै विद्युत थप्न सक्ने ठाउँ देखिँदैन ।
सरकारले पूर्व-पश्चिम रेल निर्माण गर्ने भनिरहेको छ, यो देश डुबाउने खेल हो, हाम्रो आवश्यकता हुँदै होइन । बरू उत्तर-दक्षिण रेलमार्ग निर्माण गर्ने योजना अगाडि बढाउँदा उत्तम हुन्छ । अहिले जनकपुरको रेल सित्तैमा चलाउँदा पनि वार्षिक १ अर्ब रूपैयाँ घाटा हुन्छ । ल्याएको रेल थन्क्याएर राखिएको छ । विद्युतीय रेल भएको भए पनि हुन्थ्यो यो त डिजेल हो ।

अब वीरगन्ज-काठमाडौं विद्युतीय रेलमाग बनाउने योजनालाई द्रुत गतिमा अगाडि बढाउनुपर्छ । यसले, आयातमा खर्च भइरहेको ठूलो पुँजी बचत गर्नेछ, सँगसँगै पर्याप्त विद्युत खपत पनि बढाउन सकिन्छ । नेपालको लोड १० हजार गिगावाटबाट ३०-४० गिगावाट घन्टा पुर्‍याउन कुनै गाह्रो हुँदैन । ‘खपत गर्छु’ भन्यो भने देशभित्रै पूरै बजार छ तर अहिले बिजुली नै छैन । खपत नभएको बिजुली पो भारत निर्यात गर्ने हो ।

निर्माणाधीन धेरै आयोजनाको विद्युत नेपालमै खपत गर्न सकिन्छ, यसको लागि योजना बनाउनुपर्छ ।

सीमा क्षेत्रका १३२ केभी प्रसारण लाइन पूर्ण क्षमतामा सञ्चालन गर्दा १४-१५ सय मेगावाट विद्युत प्रवाह गर्न सकिन्छ तर त्यत्ति बिजुली नै छैन । भारतले ढल्केबर-मुजफ्फरपुरबाट ५-६ सय मेगावाटभन्दा बढी जान दिँदैन ‘क्याप’ लगाएको छ । बुटवल-गोरखपुर ४ सय केभी त अब बन्ने भयो, बुटवल हब पनि बन्छ । अबको काम भनेको बर्खामा बढी भएको विद्युत खपत गर्ने योजनातर्फ लाग्नुपर्छ ।

लक्ष्यअनुसार विद्युत उत्पादन भयो भने चालू आर्थिक वर्षको अन्त्यसम्म जडित क्षमता करिब ३ हजार मेगावाट पुग्छ । ५ सय मेगावाट निर्यात भए पनि २५ सय मेगावाट यतै बस्ने भयो, जसमा हाम्रो माग भनेको १६-१७ सय मेगावाटमात्र छ । यसरी हेर्दा करिब ७-८ सय मेगावाट विद्युत खेर जाने अवस्था देखिन्छ ।

बंगलादेश पठाउने बाटो छैन; भारत-बंगलादेशको संयन्त्रबाट जम्मा ५० मेगावाटमात्र जान सक्छ । बंगलादेशले त्यही परिमाण लैजान्छु भनेको हो । यसको प्रक्रिया अघि बढे पनि भारतले ‘हुन्छ’ भनेको छैन । त्यसैले सकेसम्म नेपालमै खपत बढाउनुपर्छ । आउने वर्षको ठूलो समस्या भनेको प्रसारण लाइन नै हो । भारतको मनस्थिति के छ थाह छैन । उसले आफ्नो तर्फबाट पूरै खुल्ला गरेको अवस्था त होइन नि !

अब चाइनातिर बिजुली पठाउन सक्ने अवस्था नै देखिँदैन । मन्त्रि, सचिवले तामाकोसीको बिजुली भारतमा बेच्छौं भने पनि सक्ने अवस्था छैन । भारतको निर्देशिकामै लेखेको छ- भारतसँग बोर्डर जोडिएको देशले अर्को देशमार्फत विद्युत व्यापार गर्दा लगानी गरेको हुनु हुँदैन । अर्को वर्ष विद्युतको विकराल रुप देखिने भएकोले यसको समाधान गर्न देशभित्र लोड बढाउनैपर्छ ।

चीनले आफ्ना लागि चाहिने जलविद्युत आफैं उत्पादन गरिरहेको छ, ब्रह्मपुत्र नदी । ५ वटा आयोजना अगाडि बढिरहेका छन्– एउटा बनिसक्यो, एउटा निर्माणाधीन छ र ३ वटाको निर्माण प्रक्रिया अगाडि बढाइएको छ । भारतमा ब्रह्मपुत्रको पानी दुई थरी भएर आउँछ; हिउँदमा एकदम कम र बर्खामा । भारतले बर्खाको पानी भण्डारण गरेर आसाममा आयोजना बनाउने योजना बनाउँदैछ । बंगलादेश सुनकोसी-३ तिर आइरहेको छ- किनकि, भुटानको बिजुली भारतले उसलाई किन्न दिँदैन् ।

# ६ घन्टा पिकिङ दिने कालीगण्डकी गर्ज निर्माणमा जाँदै,४३ अर्ब लगानी आवश्यक




काठमाडौं । मुस्ताङ र म्याग्दी जिल्लामा संरचना रहने गरी कालीगण्डकी नदीमा पहिचान भएको १८० मेगावाटको कालीगण्डकी गर्ज अर्धजलाशय जलविद्युत आयोजना सन् २०२३ भित्र निर्माणमा जाने भएको छ । पहिचान भएको करिब डेढ दशकपछि यो आयोजना निर्माणमा जान लागेको हो ।

विद्युत नियमन आयोगले आयोजनाको विद्युत खरिद दर निर्धारण गर्न गत शुक्रबार सार्वजनिक सुनुवाई गरेको छ । आयोग गठनपछि ऐन र नियमावलीमा रहेको १ सय मेगावाट माथिका जलविद्युत आयोजनाको पिपिए दर आयोगबाट स्वीकृत गर्नुपर्ने प्रावधानअनुसार कालीगण्डकी गर्जको पनि सार्वजनिक सुनुवाई गरिएको अध्यक्ष डिल्लीबहादुर सिंहले बताए ।

आयोजनाबारेको आर्थिक तथा प्राविधिक जानकारी सूचनामार्फत पहिले नै भइसकेकाले समेत सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीबाट धेरै जिज्ञासा नआएको उनले बताए । ‘यो आयोजनाले दिने प्रतिफल केही कमजस्तो देखिए पनि विगतमा सरकारी तहबाट बनेका आयोजनाको भन्दा राम्रो नै मान्नु पर्छ,’उनले भने,‘लगानी अनुपात पनि ८० र २० प्रतिशतको छ । यसले आयोजनालाई फाइदा दिन्छ ।’ उनले लगानी अनुपात सुनिश्चित हुनुले आयोजनामा वित्तीय स्रोत जुटाउन धेरै समय नलाग्ने देखिएको बताए ।

सार्वजनिक सुनुवाई कार्यक्रममा प्राविधिक विवरण प्रस्तुत गर्दै हाइड्रो पावर इन्जिनियर राजेश शाक्यले आयोजनाको अध्ययन, डिजाइन लगायत सम्पूर्ण कार्य पूरा भइसकेकाले अब संरचना निर्माणको काम अघि बढाउने चरणमा पुगेको बताए । उनले नेपाल विद्युत प्राधिकरणसँग १८० मेगावाटको ड्राफ्ट (मस्यौदा) विद्युत खरिद सम्झौता (पिपिए) सम्पन्न भइसकेकाले आयोगले दर निर्धारण गरेर पिपिएको स्वीकृति दिएपछि आयोजना अगाडि बढ्ने बताए ।

‘हामीले अगाडि गर्नुपर्ने करिब धेरै काम गरिसकेका छौं,’ उनले भने,‘स्वदेशी बैंकहरुसँग वित्तीय स्रोत जुटाउनेबारे धेरै चरणमा छलफलहरु भएका छन् । बैंकहरुसँगको ऋण लगानी जुटाउने प्रक्रियामा छौं । प्राधिकरणसँग पिपिए भएपछि आयोजना स्थलमा काम सुरू हुन्छ ।’

यो आयोजना निर्माण सम्पन्न गर्न ४३ अर्ब रूपैयाँ लागत अनुमान गरिएको छ । प्रवर्द्धक कम्पनीका सिए अनिल अग्रवालले कूल ४३ अर्ब रूपैयाँ लागत अनुमान गरिएकोमा बैंक तथा वित्तीय संस्थाबाट ८० प्रतिशत र स्वपुँजी लगानी २० प्रतिशत रहने गरी आयोजा निर्माण हुन लागेको बताए ।

उनले औसत ११ प्रतिशत ब्याजदरलाई आधार मानेर आयोजना निर्माण गर्दा १५ वर्षमा बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न सकिने बताए । ३५ वर्षको उत्पादन अनुमतिपत्र रहेको आयोजनाले निर्माण पश्चात लगानीको १५.३८ प्रतिशत प्रतिफल दिने पनि उनले बताए ।

आयोजनाका प्रवर्द्धक ज्ञानेन्द्रलाल प्रधानले डेढ दशकअघि नै आयोजना पहिचान भए पनि सडक पुहँच तथा प्रसारण लाइन नहुँदा काम सुरू गर्न समय लागेको बताए । आयोजना पहिचान भएपछि विदेशी लगानीबाट निर्माण गर्न पहल गरिए पनि अहिले स्वदेशी लगानीबाटै निर्माण गर्ने निर्णयमा पुगेको पनि उनले बताए ।

उनले अब ढिला नगरी संरचना निर्माणको काम अगाडि बढाउने बताए । ‘हामीले उत्पादन अनुमतिपत्र लिएको समय धेरै गुज्रिसकेको छ । त्यसकारण पनि हामीलाई आयोजना चाँडो सम्पन्न गर्नुपर्ने दवाव छ । ऋण लगानी जुट्दै गर्दा स्वपुँजी लगानीबाट काम सुरू गर्दैछौं’ उनले भने । उनले आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गा अधिग्रहणको काम पनि सम्पन्न भइसकेको बताए ।

कालीगण्डकी गर्ज हाइड्रो पावर कम्पनी प्रवर्द्धक रहेको आयोजना निर्माण सुरू गरेको ५ वर्षमा सम्पन्न गर्ने लक्ष्य छ । आयोजना १८० मेगावाटमा निर्माण गर्ने भनिए पनि विद्युत विकास विभागले १६४ मेगावाटको उत्पादन अनुमतिपत्र दिएको छ ।

प्राधिकरणसँग हिउँदमा पिकिङ अवधिभर प्रतियुनिट १०.५५ रूपैयाँ,बर्खामा ८.४० रूपैयाँ र हिउँदमा ८.४० रूपैयाँ दररेटमा आयोजनाको ड्राफ्ट पिपिए भएको छ । प्रवर्द्धक कम्पनीले ८ वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले मूल्यवृद्धि पाउने छ । आयोगले दर स्वीकृत गरेपछि प्राधिकरणले आयोजनाको पिपिए गर्नेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलनमा घिसिङले १० मेगावाटको आयोजना निर्माण गर्ने निजी क्षेत्र आज ठूला आयोजनामा लगानी गर्न आउनुले उसको आर्थिक तथा प्राविधिकरुपमा क्षमतामा स्तरोन्नति भएको बताए । 'अहिले करिब ११ हजार मेगावाटका जलविद्युत आयोजना पिपिएका लागि पालो कुरिरहेका छन् । अबको आवश्यकता भनेको सुख्खा यामको पनि माग धान्ने जलविद्युत आयोजना निर्माण गर्नु रहेकाले सरकारको नीति अनुरूप नै प्राधिकरणले पनि अर्धजलाशय आयोजना निर्माणलाई प्राथमिकतामा राखेको छ' उनले भने ।

वार्षिक २० प्रतिशत हाराहारीमा विद्युतको माग बढिरहेकाले पनि अर्धजलाशय आयोजनाको आवश्यकता अनुसार नै कालीगण्डकी गर्ज आयोजना अगाडि बढ्न लागेको उनले बताए । अब पिपिए हुँदा वित्तीय स्रोत जुटाएर बढीमा ७ वर्षभित्र आयोजना आएमा बढ्दो माग व्यवस्थापन गर्न सहज हुने उनले बताए ।

प्राधिकरण विद्युत व्यपार विभागका निर्देशक प्रबल अधिकारीले आयोगको सार्वजनिक सुनुवाईबाट स्वीकृति दिएपछि आयोजनाको पिपिए अगाडि बढ्ने बताए । उनले दैनिक ६ घन्टा पिकिङ दिने आयोजना निर्माण हुन लाग्नु सुखद पक्ष भएको बताए ।

'सुख्खा यामको माग व्यवस्थापन आन्तरिक उत्पादनबाट नै गर्न अर्धजलाशय आयोजनाको महतत्व बढेको हो । यस्ता आयोजना निर्माणले प्राधिकरणको प्रसारण तथा वितरण प्रणालीलाई दिगो र गुणस्तरीय बनाउन सहयोग पुग्छ' उनले भने ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी प्रवर्द्धक गुरुप्रसाद ढकालले माथिल्लो तटमा बन्ने अर्धजलाशय जलविद्युत आयोजनाका कारण तल्लो तटिय क्षेत्रमा बन्ने आयोजना समस्यामा पर्न नहुने कुरामा जोड दिन आयोगको ध्यानाकर्षण गराए । उनले कालीगण्डकी गर्जको तल्लो तटिय क्षेत्रमा आफ्नो आयोजना पर्ने हुँदा कालीगण्डकी गर्जको प्रवर्द्धकसँग एउटा टर्बाइनसम्म चल्ने पानी छोड्ने व्यवस्था गरिदिएमा राम्रो हुने बताए । 'हामीले लिखितरुपमा पनि यसबारे जानकारी गराएका छौं ।आयोगमा पनि लिखितरुपमा दिनु परेमा म दिन तयार छु । तर, एउटा आयोजनालाई न्याय गर्दा अर्को आयोजनाका प्रवर्द्धकलाई अन्याय नहोस् भन्ने मेरो धारणा हो' उनले भने ।

ढकालको जवाफमा आयोजनाका प्रवर्द्धक प्रधानले तल्लो तटिय क्षेत्रको आयोजनाबारे जानकार नरहनेको र मर्का नपर्ने गरी सहमति गरेर अगाडि बढ्न तयार रहेको बताए । 'तल्लो तटिय क्षेत्रमा उहाँहरुको आयोजना छ भन्नेबारे हामी पूर्ण जानकार छौं । यो विषयमा उहाँहरुसँग पटक-पटक छलफल पनि भएको छ,'उनले भने, 'हामीले त त्यो आयोजनालाई पनि हाम्रो टेलरेसको पानी उपयोग हुने गरी अर्धजलाशय बनाउन आग्रह गरेका छौं । हामी सहमति गरेरै जाने पक्षमा छौं ।'

जलविद्युत व्यवसायी सूर्य अधिकारीले राज्यको नीति अनुरुप अर्धजलाशय आयोजना आउनु देशको समृद्धिका लागि राम्रो भएको बताए । उनले माथिल्लो तमोर र कालीगण्डकी गर्ज अर्धजलाशय आयोजना निर्माण हुँदा निजी क्षेत्रले ठूलो फड्को मार्ने बताए । उनले ठूला आयोजना निर्माण हुँदा प्रविधि हस्तान्तरण र जनशक्तिको क्षमतामा स्तरोन्नति हुने बताए । तल्लो तटिय क्षेत्रका आयोजना समस्यामा पर्ने अवस्था आएमा पुनः अध्ययन गरेर अगाडि बढ्न सकिने सुझाव उनले दिए ।

यो आयोजना निर्माण सम्पन्न भई उत्पादन हुने विद्युत डेढ किलोमिटर दुरीको २२० केभी दाना सबस्टेसनमा जोडिनेछ । आयोजना सम्पन्न हुँदा वार्षिकरुपमा १ अर्ब ५ करोड ५५ लाख ५२ हजार ३ सय १३ गिलोवाट घन्टा विद्युत उत्पादन हुनेछ । आयोजनाले सुख्खा याममा पनि ६ घन्टासम्म पूर्ण क्षमतामा विद्युत उत्पादन गर्नेछ ।

# बंगलादेशले यसकारण किन्छ नेपालको विद्युत्





अर्थ संवाद

**ज्ञानेन्द्रलाल प्रधान**

*ऊर्जा उद्यमी प्रधान स्वतन्त्र ऊर्जा उत्पादकहरूको समूह (इप्पान)का पूर्वअध्यक्ष हुन्*

डिजेल तथा कोइला प्लान्ट बन्द गर्ने विकल्प छैन, न सोलार राख्ने जमिन छ, न विद्युत् उत्पादन गर्ने सम्भावना

## बंगलादेशले यसकारण किन्छ नेपालको विद्युत्

डिजेल तथा कोइला प्लान्ट बन्द गर्ने विकल्प छैन, न सोलार राख्ने जमिन छ, न विद्युत् उत्पादन गर्ने सम्भावना

कुनै पनि वस्तुको व्यापार गर्न पहिले त्यसको पोटेन्सियल (सामर्थ्य ) हुनु आवश्यक छ, नेपालको हकमा त्यो जलस्रोत हो । जलस्रोतबाट डेढ लाख मेगावाटसम्म विद्युत् व्यावसायिक रुपमा उत्पादन गर्न सकिन्छ । साथै, त्यसबाट अन्य लाभसमेत नेपालले लिन सक्छ ।

अहिले नेपालको राष्ट्रिय विद्युत् प्रणालीको जडित क्षमता २२६८ मेगावाट पुगेको छ । तर, पिक डिमान्ड भने १८-१९ सय मेगावाट हाराहारीमा छ । त्यसअनुसार नेपालमा जति विद्युत् उत्पादन भएको छ, त्यसबराबर खपत हुन सकेको छैन । निकट भविष्यमा पनि यसले निरन्तरता नै पाउने सम्भावना छ ।

विद्युत्का लागि नेपाल आफैंमा सानो बजार हो । यद्यपि, विद्युत् खपत विस्तार गर्न सकिने क्षेत्र भने थुप्रै छन् । त्यसलाई पूर्ति गर्दासमेत यहाँ उत्पादन हुने सबै विद्युत् खपत हुँदैन । त्यसकारण नेपालको विद्युत् खपत गर्न छिमेकी तथा विदेशी मुलुकमा बजार विस्तार गर्नु अपरिहार्य छ । आजको दिनमा हाम्रो विद्युत्को ठूलो बजार भनेको भारत र बंगलादेश हुन् । यी देशमा सहज तथा सफल रुपमा विद्युत् व्यापार गर्न सकिन्छ ।

भारतमा भने अहिले विद्युत् निर्यात हुन थालिसकेको छ । उसले नेपालका विभिन्न ६ आयोजनाको ३६४ मेगावाट विद्युत् आफ्नो खुला बजारमा बिक्री गर्न अनुमति दिइसकेको छ । सोअनुसार नेपाल विद्युत् प्राधिकरणले दैनिक ३६४ मेगावाट विद्युत् भारततर्फ निर्यात गरिरहेको छ । त्यसबापत प्राधिकरणले गत आवमा तीन अर्ब ८८ करोड र चालू आवको साउनमा झन्डै दुई अर्ब रूपैयाँ आम्दानी गरेको छ । यस्तै, थप एक सय ११ दशमलव आठ मेगावाट विद्युत् निर्यात गर्ने प्रस्ताव भारतको केन्द्रीय विद्युत् प्राधिकरणमा पेस गरिएको छ । यसरी भारतमा विद्युत् निर्यात हुन्छ भन्ने आधार तय भइसकेको छ । यहाँनेर बंगलादेशले नेपालकै बिजुली किन्ने आधार के छ भन्ने प्रश्न आउन सक्छ, जुन स्वाभाविक पनि हो । मेरो अध्ययनमा बंगालदेशले नेपालबाट विद्युत् किन्ने आधार प्रशस्तै छन् ।

## बंगलादेशले किन किन्छ नेपाली बिजुली ? :

अहिले बंगलादेशले कोइला तथा डिजेलबाट विद्युत् उत्पादन गरिरहेको छ । पछिल्लो समय डिजेल र कोइलाको मूल्य अत्यधिक बढेपछि त्यहाँको विद्युत् उत्पादन स्वतः महँगो भएको छ । त्यसमाथि डिजेल तथा कोइला प्लान्टका कारण बंगलादेशको वातावरण प्रदूषण पनि बढ्दो छ । यस्तो अवस्थामा बंगलादेशलाई वातावरणीय प्रदूषण कम गर्नुपर्ने दबाब छ । तर, बंगलादेशसँग डिजेल तथा कोइला प्लान्ट बन्द गर्ने अन्य विकल्पचाहिँ छैन । त्यहाँ न सोलार राख्ने जमिन छ न नेपालको जस्तो स्वच्छ जलविद्युत् उत्पादन गर्ने सम्भावना । त्यसकारण पनि बंगलादेशले बिजुली आयात गर्नुपर्ने बाध्यता छ ।

अहिले बंगलादेशको विद्युत्जडित क्षमता मागभन्दा बढी छ । त्यहाँ झन्डै २५ हजार मेगावाट जडित क्षमता छ । यद्यपि, माग भने २० हजार मेगावाट छ । विद्युत् उत्पादन महँगो पर्ने भएपछि बंगलादेशले आवश्यक मात्रामा विद्युत् उत्पादन नगरेर लोडसेडिङ गर्दै आएको छ । अहिले पनि त्यहाँ राति आठ बजेपछि पसल खोल्न पाइँदैन, गर्मीमा एसी चलाउन पाइँदैन । जुन बंगलादेशका लागि दुःखद पक्ष हो । तर, त्यही दुःखमा हाम्रो अवसर छ । हामीले नेपालको विद्युत् बिक्री गरेर उनीहरुको दुःख मेटाउन सक्छौं । बंगलादेशमा विद्युत् बिक्री गर्न पर्याप्त बजार भए पनि हाम्रो सरकारसँग त्यससम्बन्धी कुनै भिजन छैन । बजार छ भनेपछि नेपाल झन् तातिनुपर्ने हो । तर, सरकारले आवश्यकताअनुसार काम गरेको छैन ।

बंगलादेशले सन् २०४० सम्म १० हजार मेगावाट विद्युत् छिमेकी मुलुकबाट किन्ने भनिसकेको छ । त्यसमा अधिकांश विद्युत् नेपालबाटै किन्ने हो । किनकि, बंगलादेशले खोजेको स्वच्छ ऊर्जा हो, जुन नेपालमा पर्याप्त छ ।

## Nepal and Bangladesh holding energy secretary-level talks on Thursday




KATHMANDU, Nepal and Bangladesh are holding energy secretary-level talks in Kathmandu on Thursday.

The bilateral talk will be expediting the work on mutual cooperation for promotion of hydropower-related issues including joint investment, cooperation and energy trade. Madhu Prasad Bhetuwal, joint-secretary of the Ministry of Energy, Water Resources and Irrigation (MoEWRI), said Thursday's meeting will approve the agendas that will be discussed at the joint-secretary level meeting to be held on Wednesday.

According to MoEWRI officials, the ministry will be forwarding a proposal to the Bangladeshi counterpart to construct 683 MW Sunkoshi-3 Hydropower Project in collaboration. Bangladesh expressed its interest to build Sunkoshi-3 in the energy meeting held last year. In this regard, a technical team from Bangladesh is also scheduled to visit the proposed project site on Tuesday.

The government has already prepared the Environmental Impact Assessment of Sunkoshi-3. The proposed project will spread across four districts - Ramechhap, Sindhuli, Sindhupalchowk and Kavrepalanchowk. With the construction of the storage project, around 4,224 hectares of land area alongside the Sunkoshi and Tamakoshi rivers will be inundated.

According to the feasibility study report, the project will cost an estimated Rs 159.72 billion. The project is scheduled to start construction in 2025 so as to be completed in 2031.

In a series of similar talks held earlier, both the countries had decided to move ahead with the construction of Nepal-Bangladesh Dedicated Transmission Line with the participation and consent of India as a long-term measure. The consent of India is mandatory as the construction of a transmission line between Nepal and Bangladesh would also involve Indian territory.

Nepal and Bangladesh signed an energy cooperation deal in 2018. Bangladesh is consistently showing interest to purchase electricity from Nepal. It has even proposed the government to buy 500 MW of electricity from the 900 MW Upper Karnali Hydropower Project.

Bangladesh has been thriving to increase energy supply as the country needs to produce 40,000 MW of electricity by 2030 and 60,000 MW by 2041 to become a middle-income country, according to statistics of the Bangladesh government. According to a media report, if Bangladesh is to increase its GDP by one percent, it will have to increase electricity generation by 1.5 percent.

# सुनकोसी-३ सँगै १७२० मेगावाटको खिम्ती शिवालयमा लगानी गर्न बंगलादेश इच्छुक




काठमाडौं । काभ्रेपलाञ्चोक र रामेछाप जिल्लाको सीमानामा पहिचान भएको ६८३ मेगावाटको सुनकोसी-३ जलाशययुक्त जलविद्युत आयोजनासँगै रामेछापमा पहिचान भएको १७२० मेगावाटको खिम्ती शिवालयमा लगानी गर्न छिमेकी राष्ट्र बंगलादेश इच्छुक देखिएको छ ।

बंगलादेशको विद्युत, ऊर्जा तथा खनिज स्रोत मन्त्रालयका सचिव मोहमद हबिबुर रहमान नेतृत्वको टोली र नेपालको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग तथा नेपाल विद्युत प्राधिकरणको संयुक्त टोलीले सोमबार सुनकोसी-३ को प्रस्तावित निर्माणस्थल र जलाशय क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरेका हुन् । भ्रमणका क्रममा रहमानले आयोजना निर्माण गर्न प्रतिबद्ध रहेको बताए ।

‘अवलोकन भ्रमणपछि रामेछापको खाँडादेवी गाउँपालिको लुभुघाटमा आयोजित कार्यक्रममा सचिव रहमानले ‘नेपालसँगको सहकार्यमा सुनकोसी-३ लगायतका जलविद्युत आयोजना निर्माण अघि बढाउन बंगलादेश इच्छुक र तयार छ’, उनले भन ‘सुनकोशी-३ मात्र हैन दोलखा र रामेछाप जिल्लामा पहिचान भएको १७२० मेगावाटको खिम्ती शिवालय जलाशययुक्त आयोजनामा समेत लगानी गर्न इच्छुक छौं, यसका अतिरिक्त बंगलादेशका निजी क्षेत्रले समेत नेपालका निजी क्षेत्रसँग सहकार्य गरी आयोजनाहरुमा लगानी गर्न सक्छन् ।’

नेपालले २०७५ साउन २५ गते भएको संयुक्त कार्यदल र निर्देशक समितिको तेस्रो बैंठकमा जलविद्युत क्षेत्रमा सहकार्यका लागि ५ वटा जलविद्युत आयोजनाको प्रस्ताव बंगलादेशसमक्ष गरेको थियो । बैंठकमा पहिलो चरणमा सुनकोशी-३ लाई अगाडि बढाउन आयोजनाको संयुक्त रूपमा स्थलगत भ्रमण गर्ने सहमति भएको थियो ।

कार्यक्रममा रामेछापका संघीय सांसद श्याम श्रेष्ठ, सुनापति गाउँपालिका अध्यक्ष ठूलाकान्छा तामाङ, स्थानीय राजनीतिक दलका नेताहरुले प्रभावित क्षेत्रको मुहार फेरिने गरी दुई मुलुकका साझा आयोजनाको रूपमा निर्माण गरिनु पर्ने, निर्माण समय नबढ्ने गरी काम हुनुपर्ने र यसका लागि स्थानीय रूपमा आवश्यक सहयोग तथा सहकार्य गर्न तयार रहेको प्रतिबद्धता जनाए ।
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव मधु प्रसाद भेटुवालले ऊर्जा क्षेत्रमा सहकार्यका लागि गठित संयन्त्रका बैठकले बंगलादेशसँगको विद्युत व्यापार र सुनकोशी-३ आयोजनामा लगानीको विषयलाई टुङ्गो लगाउने बताए ।

सुनकोशी आयोजना नेपाल र बंगलादेशको लगानीमा निर्माण गरिने विषय प्रारम्भिक चरणमै रहेको उल्लेख गर्दै नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यस्ता आयोजना दुई मुलुकबीच सहकार्य गरी निर्माण गरिनु पर्नेमा जोड दिए ।

विद्युत विकास विभागका महानिर्देशक सन्दिव देव र उपमहानिर्देशक सञ्जय ढुङ्गेलले आयोजनाको हालसम्मको अध्ययन, विशेषता, प्रभावित क्षेत्रलगायतका विषयमा जानकारी गराउँदै आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरेको बताए । आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गरी स्वीकृतिको प्रक्रियामा रहेको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले कोशी नदी जलस्रोत विकास अध्ययनका क्रममा सन् १९८५मा आयोजनाको पहिचाहन गरेको थियो । जाइकाले गरेको अध्ययनलाई सन् २०१४ मा अध्यावधिक गरिएको थियो । विपी राजमार्गको नेपालथोकबाट करिब एक किलोमिटर रामेछापको खाँडादेवी र काभ्रेको तेमाल गाउँपालिको सीमानामा पर्ने लुभुघाटमा १८० मिटर अग्लो बाँध निर्माण गरी नदीलाई थुनिने छ । आयोजनाको जलाशय ४५ किलोमिटर माथिसम्म फैलिन्छ । जसअनुसार, सिन्धुपाल्चोकस्थित सुनकोसी नदीतर्फ बलेफी बजारभन्दा माथि र इन्द्रावती नदीतर्फ सिपाघाटसम्म जलाशय फैलिने छ ।

इआइए प्रतिवेदनअनुसार, आयोजनाबाट सिन्धुली, काभ्रे, रामेछाप र सिन्धुपाल्चोकका १३ स्थानीय तहका ४५ वटा वडाहरु प्रभावित हुनेछन् । आयोजनाबाट ३२३७ हेक्टर जग्गा डुबानमा पर्नेछ । यसका लागि ३३०० हेक्टर निजी जग्गा अधिग्रहण गर्नु पर्नेछ भने ६५५ हेक्टर वन क्षेत्रको जग्गा पर्नेछ । आयोजनाबाट ११७०० जनसंख्या विस्थापित हुने देखिएको छ ।

आयोजना पूरा भएपछि वार्षिक रूपमा २ अर्ब ३५ करोड ६२ लाख युनिट उत्पादन हुनेछ । उत्पादीत विद्युतमध्ये हिउँदयाममा ६२ करोड २३ लाख युनिट उत्पादन हुने अध्ययनले देखाएको छ ।

## साढे ४९ करोड युनिट बिजुली भारत निर्यात, यो वर्ष ६१३ मेगावाट लक्ष्य




काठमाडौं । नेपालबाट भारतमा बिजुली निर्यात बढेको छ । गत आर्थिक वर्षमा नेपाल विद्युत प्राधिकरणले ४९ करोड ३० लाख युनिट बिजुली भारतमा निर्यात गरेको हो ।
४ वर्षमा २४५६ मेगावाट बिजुली निर्यात गर्ने प्राधिकरणको प्रक्षेपण, आयात शून्य हुने

प्राधिकरणका अनुसार आउँदो ४ वर्ष (आर्थिक वर्ष ०८२/०८३) मा भारतमा बिजुली निकासी बढेर २४५६ मेगावाट पुग्ने प्रक्षेपण विद्युत् प्राधिकरणले गरेको छ । आन्तरिक उत्पादन बढ्ने अनुमानका आधारमा प्राधिकरणले सो प्रक्षेपण गरेको हो ।

अघिल्लो वर्ष ४ करोड ४० लाख युनिट मात्र बिजुली भारत निर्यात गरेको थियो । अघिल्लो वर्षको तुलनामा गत वर्ष बिजुली निर्यात ४४ करोड ९० लाख युनिट बढेको विद्युत प्राधिकरणले जनाएको छ ।

भारतले ३६४ मेगावाट बिजुली निर्यात गर्न अनुमति दिएपछि परिमाण बढेको हो । जेठ अन्तिम सातादेखि प्राधिकरणले भारतमा बिजुली निर्यात थालेको हो ।

सुक्खायाममा विद्युत प्राधिकरणले भारतबाट प्रतियुनिट ३८ रूपैयाँसम्म तिरेर बिजुली खरिद गरेको थियो ।

यस्तै प्राधिकरणले भारतलाई पनि प्रतियुनिट १९ रूपैयाँसम्ममा बिजुली बेचेको छ । सुक्खायामका कारण नदीहरूमा पानीको वहाव कम हुने भएकाले यसको असर बिजुली उत्पादनमा पर्ने गर्छ । आउँदो हिउँदमा पनि भारतबाट बिजुली आयात गर्नुपर्ने अवस्था छ ।

| Fiscal Year | Max. Power Import in Dry Season (MW) | Max. Power Export in Wet Season (MW) | Energy Import in Dry Season (MU) | Energy Export in Wet Season (MU) | Net Energy Import/ Export (MU) |
|---|---|---|---|---|---|
| 2022/23 (July, 2022 to June, 2023) | 249.1 | 613.4 | 754 | 3790 | 3036 |
| 2023/24 | 157.5 | 1296 | 224 | 7248 | 7024 |
| 2024/25 | 103.1 | 1831.6 | 21 | 10458 | 10437 |
| 2025/26 | 0 | 2456.4 | 0 | 14022 | 14022 |

गत वर्ष ठूलो परिमाणमा निर्यात हुन थालेपछि भारतबाट आयात हुने बिजुलीको परिमाण ४५ प्रतिशतले घटेको छ । गत वर्ष १ अर्ब ४५ करोड युनिट बिजुली भारतबाट आयात भएको छ । अघिल्लो वर्ष २ अर्ब ८० करोड युनिट आयात भएको विद्युत प्राधिकरणले जनाएको छ ।

गत वर्ष नेपालको ग्रीड प्रणालीमा भारतीय बिजुलीको हिस्सा घटेर १३.९४ प्रतिशतमा झरेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आर्थिक वर्षमा भारतमा १६ अर्ब रूपैयाँको बिजुली बेच्ने घोषणा गरेका छन् ।

पाइपलाइनमा रहेको आयोजनाहरू आएमा यो आर्थिक वर्षको वर्खामा ६१३ मेगावाटसम्म बिजुली भारतमा निर्यात गर्ने प्रक्षेपण सार्वजनिक गरेको छ ।

यस्तै बिजुली चुहावट पनि घटेर १५.३८ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष १७.१८ प्रतिशत चुहावट थियो । बिजुली चुहावट कम भएको, विद्युतगृहहरूबाट उत्पादन बढेको र निर्यात बढेका कारण गत आर्थिक वर्षमा विद्युत प्राधिकरणले १६ अर्ब १६ करोड रूपैयाँ खुदनाफा गरेको छ ।

गत आर्थिक वर्षमा राष्ट्रिय प्रणालीमा बिजुली आपूर्ति २५ प्रतिशतले बढेर ११ अर्ब ६ करोड युनिट बिजुली उपलब्ध भएको प्राधिकरणले जनाएको छ । अघिल्लो वर्ष ८ अर्ब ८५ करोड युनिट आपूर्ति भएको थियो ।

विद्युत प्राधिकरणका आयोजनाको मर्मत सम्भार हुँदा बिजुली उत्पादन १६.२३ प्रतिशतले बढेर ३ अर्ब २६ कराड युनिट पुगेको छ । यस्तै निजी उत्पादकबाट प्राप्त हुने ऊर्जा ३८.५७ प्रतिशतले बढेर ४ अर्ब २८ करोड युनिट बिजुली प्राप्त भएको छ ।

प्राधिकरणका सहायक कम्पनीबाट प्राप्त हुने बिजुली १२३५ प्रतिशतले बढ्न गई १ अर्ब ९७ करोड युनिट प्राप्त भएको प्राधिकरणले जनाएको छ ।

# ४ महिनामा ७ अर्बको विद्युत भारत निर्यात, थप २०० मेगावाट बेच्न प्रस्ताव




काठमाडौं ।
नेपाल विद्युत प्राधिकरणले पछिल्लो ४ महिनामा ७ अर्ब रूपैयाँ भन्दा बढीको विद्युत भारतीय बजारमा निर्यात गरेको छ । चालू आर्थिक वर्ष (आव) को दोस्रो महिनामा मात्र २ अर्ब ४२ करोड रूपैयाँको निर्यात भएको छ ।

देशभित्र खपत गरी अतिरिक्त भएको २४ करोड ६५ लाख २९ हजार युनिट विद्युत भदौमा निर्यात गरी २ अर्ब ४१ करोड ६७ लाख ८२ हजार रूपैयाँ आर्जन गरेको प्राधिकरणले जानकारी दिएको छ । वर्षायामको विद्युत गत १९ जेठ (२ जुन २०२२) बाट इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धा मार्फत बिक्री सुरू गरिएको थियो।

सुरूमा दुईवटा विद्युतगृहको ३९ मेगावाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रूपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि २७ जेठ (१० जुन २०२२) बाट दैनिक रूपमा ६ वटा जलविद्युतगृहबाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिकरुपमा ३६४ मेगावाट भारतीय बजारमा प्रतिश्पर्धी दरमा बिक्री हुँदै आएको छ ।

प्राधिकरणले जेठ, असार, साउन र भदौसम्ममा ७८ करोड ७८ हजार युनिट विद्युत भारतीय बजारमा बिक्री गरी ७ अर्ब १९ करोड ८६ लाख रूपैयाँ आर्जन गरेको छ । भारतसँगको विद्युत व्यापार भारतीय रूपैयाँ (भारू) मा हुने भएकोले ४ महिनाको अवधिमा विद्युत बिक्रीबाट ४ अर्ब ४९ करोड ९१ लाख भारू नेपाल भित्रिएको छ । भदौमा मात्र विद्युत बिक्रीबाट १ अर्ब ५१ करोड ५ लाख रूपैयाँ भारू आम्दानी भएको छ ।

हरेक महिना विद्युत निर्यात बढ्दा यसबाट प्राप्त हुने रकमबाट (भारू) नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । 'चालु आवमा विद्युत निर्यातबाट करिब १६ अर्ब रूपैयाँ आम्दानी गर्ने लक्ष्य छ, मंसिरको पहिलो हप्तासम्म निर्यात गर्न सकिन्छ भने जेठपछि फेरि निर्यात सुरू हुन्छ,' उनले भने ।

अब चाडबाड पनि सुरू हुन लागेकोले उद्योग कलकारखाना बन्द हुँदा आन्तरिक खपत केही कम भए पनि उत्पादन भने पूर्ण क्षमतामा हुने हुँदा करिब २ सय मेगावाट थप विद्युत निर्यातको सहमतिका लागि प्रस्ताव पठाएको उनले बताए ।

आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिश्पर्धी दरमा विद्युतको कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणले भदौमा निर्यात गरेको विद्युतको औसत दर प्रतियुनिट ९ रूपैयाँ ८० पैसा रहेको छ । चार महिनाको औसत दर प्रतियुनिट ९ रूपैयाँ २३ पैसा छ ।

**विद्युत निर्यातको परिणाम र प्राप्त रकम**

| महिना | निर्यात ऊर्जा (युनिट) | भारु | नेरु | औसत दर प्रतियुनिट (नेरु) |
|---|---|---|---|---|
| जेठ | ७ करोड १६ लाख | ५५ करोड ९६ लाख | ८९करोड ५४ लाख | १२.५१ |
| असार | २१ करोड ९१ लाख ६ हजार | १ अर्ब १६ करोड ७५ लाख | १ अर्ब ८६ करोड ८० लाख | ८.५३ |
| साउन | २४ करोड २८ लाख ४३ हजार | १ अर्ब २६ करोड १५ लाख | २ अर्ब १ करोड ८४ लाख | ८.३१ |
| भदौ | २४ करोड ६५ लाख २९ हजार | १ अर्ब ५१ करोड ५ लाख | २ अर्ब ४१ करोड ६८ लाख | ९.८० |
| **जम्मा** | **७८ करोड ७८ हजार** | **४ अर्ब ४९ करोड ९१ लाख** | **७ अर्ब १९ करोड ८६ लाख** | **९.२३** |

***स्रोत : नेपाल विद्युत प्राधिकरण***

## थप २०० मेगावाट निर्यात प्रस्ताव

विद्युत प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको थप १००.९ मेगावाट विद्युत इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धा मार्फत बिक्रीको प्रस्ताव गरेको छ।

प्राधिकरणले केही दिनअघि ४ जलविद्युतगृहबाट उत्पादित विद्युतलाई स्रोत मानी आइएक्समा प्रतिश्पर्धाबाट बिक्रीका लागि भारत सरकारको विद्युत मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत प्राधिकरणमा अनुमतिका लागि प्रस्ताव पेश गरेको हो । यसअघि प्राधिकरणले ४ जलविद्युत आयोजनाबाट उत्पादित १११ मेगावाट विद्युत निर्यात अनुमतिका लागि प्रस्ताव पेश गरेको थियो । थप ४ जलविद्युत आयोजनाको प्रस्तावसँगै प्राधिकरणले ८ जलविद्युत आयोजनाबाट उत्पादित २१२.७ मेगावाट विद्युत निर्यातका लागि प्रस्ताव पेश गरेको हो ।

निजी क्षेत्रले निर्माण गरेका २९.०४ मेगावाटको लिखु खोला ए, २५ मेगावाटको काबेली बी-१, २२ मेगावाटको माईखोला, १४.९ मेगावाटको हेवाखोला ए र १० मेगावाटको तल्लो मोदी-१ जलविद्युतगृहबाट उत्पादित १००.९ मेगावाट विद्युत निर्यातको प्रस्ताव गरिएको छ।

यसअघि ४२ मेगावाटको मिस्त्री खोला, २४.२ मेगावाटको लिखु खोला 'ए', २३.५ मेगावाटको सोलूखोला, २२.१ मेगावाटको चिलिमेको विद्युगृहबाट उत्पादित १११.८ मेगावाट विद्युत निर्यातको प्रस्ताव स्वीकृतिका लागि पेश गरिएको थियो । घिसिङले थप विद्युत निर्यातका लागि भारतबाट छिटै अनुमति प्राप्त हुने विश्वास व्यक्त गरे।

## India agrees to import additional 22 MW of electricity from Nepal



**Kathmandu:**

India has consented to import an additional 22 MW of electricity from Nepal. According to the Nepal Electricity Authority (NEA), it has recently received approval from India to export 22 MW of power produced by Chilime Hydropower Company.

Spokesperson NEA Suresh Bahadur Bhattarai confirmed that the approval was obtained on October 31 from India's Central Electricity Authority, allowing it to export more power to India.

Bhattarai added that with the approval in place, Nepal would be able to export 386 MW of power to India. The NEA records show that power export from Nepal exceeded one billion units last month.

Earlier, the NEA had proposed the sale of 100.9 MW of power at a competitive price in the Day-Ahead Market of Indian Energy Exchange Limited (IEX) by considering the source of the electricity produced from four different hydropower projects.

The NEA had proposed the export of hydropower produced from Likhukhola 'A' (29 MW), Kabeli B-I (25 MW), Maikhola (22 MW), Hewakhola A (15 MW) and Lower Modi I (10 MW).

Likewise, the proposal was made for the export of 111 MW of power generated from Mistrikhola, Solukhola, Chilime and other projects.

From the export of surplus power, Nepal has earned nearly 8 billion rupees in the past five months.

# Contact Us




Dillibaza,Charkhal Kathmandu,Nepal
P.O. Box: 3572, Kathmandu, Nepal
Email: info@hydrosolutions.com.np
Tel: + 977-1-4424644